नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## उजुरी गुनासो सम्बोधनको लागि गरिएको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा मिति २०८३/०१/०७ मा प्राप्त गुनासोको सम्बोधनको लागि आकस्मिक (र्‍यापिड रेस्पोन्स मोडालिटीमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा, गुनासोमा उल्लेखित खाद्य व्यवसायको मिति २०८३/०१/०८ गते अनुगमन निरीक्षण गरी देहाय बमोजिम आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | उजुरीको विवरण | अनुगमन गर्दाको अवस्था | निर्देशन /कारबाही |
|---|---|---|---|---|
| १. | सजन गोठ, ललितपुर म.न.पा.-५, मानभवन (आउटलेट) र सजन गोठ, काठमाडौं-१३, सोल्टीमोड (उत्पादन स्थल) | लड्डुमा सिसाको टुक्रा पाइएको | **आउटलेटको अवस्था**<br>• उक्त बिक्रि शाखामा सुरक्षित तरिकाले सोकेसमा मिठाईहरु भण्डारण गरेर राखेको<br>• कामदारले मिठाई ह्याण्डलिंग गर्दा प्लास्टिकको पन्जा प्रयोग गरेको<br>• सम्पूर्ण मिठाईहरु काठमाडौं-१३, सोल्टीमोडमा रहेको कारखानामा तयार गर्ने बताइएको<br>• उक्त आउटलेटमा बिक्रि कक्ष मात्र रहेको र शिसाको सामाग्रीहरु टुटेफुटेको र चर्किएको अवस्थामा रहेको नपाइएको<br>**उत्पादन स्थलको अवस्था**<br>• निरीक्षणको क्रममा मिठाई उत्पादन स्थलमा सिसाको सामग्रीहरु नरहेको तथा प्रयोग गरेको नदेखिएको। | • उद्योगको उत्पादन स्थलको, नाला (ड्रेन) को तथा कामदारको सरसफाइ, र पेस्ट कन्ट्रोलको अवस्थामा कमी कमजोरी रहेकोले सुधार गरेर मिठाईको उत्पादन तथा बिक्रि बितरण गर्न निर्देशन दिइएको<br>• उत्पादकले असल उत्पादन अभ्यास (जी एम पी) का प्रावधान अनुसार उद्योगको संरचना तयार गर्न, कामदारलाई व्यक्तिगत सरसफाई तथा सम्भाब्य कन्टामिनान्ट्सको जानकारी र नियन्त्रण सम्बन्धमा तालिमको व्यवस्था गर्न, Glass policy को कार्यन्वयन गर्ने र आकस्मिक रुपमा हुनसक्ने भौतिक कन्टामिनान्ट्सको ट्रेसेबिलिटीको लागि सी सी क्यामेरा जडान गरी निगरानी गर्न निर्देशन दिएको<br>• प्रयोगशाला परिक्षण गरी थप अनुसन्धान गर्न लड्डुको नमुना आउटलेटबाट र उत्पादन स्थलबाट संकलन गरीएको। |

Bsharma

डा. बालकुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०१/१०

अनुगमनका केही झलकहरू





